छलफल तथा निर्णय

१. आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत पन्ध्रौं योजना तयारीसम्बन्धी कार्ययोजनाउपर छलफल भयो। उक्त कार्ययोजनालाई बैठकमा प्राप्त सुझावहरुसमेत समेट्ने गरी स्वीकृत गर्ने।

२. राष्ट्रिय योजना आयोग र प्रदेश सरकारका योजनासँग सम्बद्ध मन्त्रालय तथा योजना संगठनहरुको सहभागिता रहने गरी मिति २०७५/०४/२० गते काठमाडौंमा राष्ट्रियस्तरको गोष्ठी सञ्चालन गर्ने । सो सम्बन्धमा पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत अवधारणा पत्र स्वीकृत गर्ने।

३. परियोजना कार्यसम्पादन सूचना प्रणाली सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट प्रस्तुती भयो । यस प्रणालीलाई अझ बढी प्रभावकारी बनाउँदै कार्यान्वयन तहमा विस्तार गर्ने ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट माग भई आएको ब.उ.शी.नं. ३६५८१० "ग्रामीण पहुँच सुधार कार्यक्रम" लाई राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सिफारिस गर्ने।